प्रदेश सरकार

०५७ -५२५६४२

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

प.सं. : २०७८/०७९

मिति : २०७८।०७।२३

च.नं. : ५४१

**विषय : जरिवाना सम्वन्धी सूचना ।**

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतका सहकारी संघ तथा संस्थाहरुले प्रदेश सहकारी ऐन, २०७६, प्रदेश सहकारी नियमावली, २०७६ तथा सहकारी संघ/संस्था दर्ता, संचालन, अनुगमन तथा नियमन सम्वन्धी मापदण्ड, २०७७ बमोजिम कार्य गर्नुहुन तथा समयमै मन्त्रालयको सहकारी महाशाखामा विवरण बुझाउन सम्वन्धित सवै सहकारी संघ तथा संस्थाहरुको लागि यो सूचना जारी गरिएको छ । प्रचलित सहकारी कानूनको पालना नगर्ने सहकारी संघ तथा संस्थाहरुलाई तपसिल बमोजिमको जरिवाना समेत हुने व्योहोरा सम्वन्धित सवै सहकारी संघ/संस्थालाई जानकारी गराइन्छ ।

तपसिलः

(१) लेखा परीक्षण प्रतिवेदन, पौष मसान्त भित्र सम्पन्न गरेको साधारण सभाको निर्णयको प्रतिलिपि, आफ्नो जिल्ला विषयगत संघको सदस्यता तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि प्रत्येक आ.व.को माघ मसान्त भित्र बुझाईसक्नु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन तयार भई साधारण सभाबाट अनुमोदन समेत गरेको, कर चुक्ता भएको तर विवरण नबुझाउने संघ संस्थाको हकमा प्रत्येक आ.व.को बढीमा रु.६,००० (छ हजार मात्र) को दरले जरिवाना गरिनेछ ।

(३) लेखा परीक्षण नगर्ने, कर चुक्ता प्रमाणपत्र नलिने तथा साधारण सभा नगर्ने संघ संस्थाको हकमा प्रत्येक आ.व.को बार्षिक रु.१३,०००।– (तेह्र हजार) का दरले जरिवाना गरिनेछ ।

(४) रजिष्ट्रारले प्रचलित सहकारी कानूनको पालना गर्नको लागि दिएको लिखित आदेश अवज्ञा गर्ने सहकारी संघ संस्थालाई पहिलो पटक बढीमा रु. एक लाख सम्म र दोस्रो पटक रु. दुई लाख सम्म तथा तेस्रो पटक सोही कसूर गरेमा रु. ३,००,०००।– (तीन लाख) सम्म जरिवाना गरिनेछ ।

(५) कार्यक्षेत्र वाहिर गई कारोवार गरेमा तथा गैर सदस्यसंग कारोवार गरेमा पहिलो पटक रु. एक लाख सम्म र त्यसपछि दोव्वर जरिवाना गर्दै बढीमा रु. ६,००,०००।– (छ लाख) सम्म जरिवाना गरिनेछ ।

(६) प्रदेश सहकारी ऐन, २०७६ को दफा १२ को उपदफा (६) बमोजिम सवै सहकारी संस्थाले अनिवार्य आफ्नो विषयगत संघको सदस्यता लिनु पर्ने तथा नयाँ दर्ता भएका सहकारी संस्थाले दर्ता प्रमाणपत्र पाएको मितिले ६ महिना

भित्र आफ्नो विषयगत संघको सदस्यता अनिवार्य रुपमा लिनु पर्ने अन्यथा रु.५,०००।– (अक्षेरुपी रु.पाँच हजार) जरिवाना गरिनेछ ।

(७) सन्दर्भ व्याजदर (१४.७५प्रतिशत) भन्दा बढी व्याजदरमा ऋण प्रवाह गरेमा, व्याजलाई पुंजीकृत गरेमा, ऋण प्रवाह गर्दा सेवा शुल्क १ प्रतिशत भन्दा बढी लिएमा, ऋणलाई नविकरण गर्दा ०.२५ प्रतिशत भन्दा बढी रकम लिएको पाईएमा बढीमा ३,००,०००।– (रु. तीन लाख) सम्म जरिवाना गरिनेछ ।

(८) यस मन्त्रालयबाट दर्ता अनुमति लिएका सहकारी संस्थाहरुले अनिवार्य रुपमा तीन महिना भित्र साधरण सभा सम्पन्न गरी आफ्नो विषयगत सहकारी संघको सदस्यता लिनु पर्नेछ अन्यथा बढीमा रु. ३,००,०००।– (रु. तीन लाख) सम्म जरिवाना गरिनेछ ।

(९) यस मन्त्रालयबाट दर्ता अनुमति लिएका सहकारी संस्थाहरुले दर्ता हुँदाका बखत सहकारी अनुशिक्षण तालिम लिएका सदस्यहरु नै रहने गरी कम्तिमा पहिलो एक कार्यकालका लागि संचालक समिति तथा लेखा सुपवरिवेक्षण समिति गठन गर्नुपर्नेछ ।अन्यथा अनुशिक्षण तालिम नलिएका सदस्यहरुबाट गठित संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिलाई मान्यता प्रदान गरिने छैन।

(१०) सदस्यले माग गरेको समयमा सदस्यहरुको निक्षेप फिर्ता नगर्ने सहकारी संस्थाका संचालक समितिका पदाधिकारी तथा सदस्यहरुलाई यथाशीघ्र आवश्यक अनुसन्धान तथा कारवाहीको लागि नेपाल प्रहरी समक्ष लेखी पठाईने छ ।

(११) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश, हेंटौंडा, मकवानपुरको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संघ/संस्थाहरुले संघ/संस्थाहरुबाट ऋण प्रवाहा हुँदा कुन-कुन क्षेत्रमा के कति ऋण रकम (प्रतिशतमा समेत) र व्याजदरमा लगानी भएको छ उल्लेख गरी ३५ (पैंतीस) दिन भित्र यस मन्त्रालयको प्रशासन तथा सहकारी विकास महाशाखामा पठाउनु पर्नेछ।

(१२) यस मन्त्रालयको नियमन क्षेत्राधिकार भित्र रहेका केही सहकारी संस्थाहरुले लगानी गरेको ऋणको साँवा तथा व्याज रकम सदस्यहरु संग समान दरमा अन्तिम किस्ता सम्म दैनिक असूल गर्ने भन्ने

प्रदेश सरकार

०५७-५२५६४२

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

मौखिक गुनासो प्राप्त भएकोले सो गरेको पाईएमा प्रचलित कानून बमोजिम कडा भन्दा कडा कारवाही गरिनुका साथै बढीमा रु.५,००,०००।-(रु. पाँच लाख) सम्म जरिवाना गरिनेछ ।

(१३) सहकारी संस्था नाफामूलक संस्था होईनन् । समुदायमा आधारित सदस्य केन्द्रीत सेवामूलक संस्थाहरु हुन् ।(Not for profit, Not for charity but for service to member) सहकारी संस्थाहरु बैंक पनि होइनन्, कम्पनी पनि होइनन् । प्रचलित सहकारी कानूनको पालना तथा सहकारीका मूल्य मान्यता तथा सिद्दान्तको अवलम्वन गरी सहकारी संस्थाहरु संचालन गर्दा न्यून नाफा हुने तर त्यो नाफा पनि सहकारी संस्थाको संचालन खर्च, राज्यलाई कर तिर्ने, शेयर लाभाशं वितरण तथा सहकारीका आफ्ना विविध कोषमा नै जम्मा गर्नु पर्ने हुँदा सहकारी संस्थाबाट संचालकले कूनै नाफा कमाउन पाउँदैन तर काठमाण्डौं उपत्यकामा सहकारी संस्थाहरुबाट अधिक फाईदा हुने, सहकारी संस्थाहरुलाई बैंक, फाइनान्स भन्दै विक्री वितरणका लागि अपराधिक गिरोह सक्रिय भएको, सहकारी संस्था विक्री हुने गरेको भन्ने अपुष्ट तथा मौखिक गुनासो प्राप्त भएको हुँदा यस मन्त्रालयको नियमन क्षेत्राधिकार भित्र पर्ने सहकारी संस्थाहरु विक्री वितरण भएको लिखित उजुरी प्राप्त भई पुष्टी भएमा लिने दिने दुवै व्यक्ति तथा संचालकहरुलाई रु. ५,००,०००।-(रु. पाँच लाख) जरिवाना गराई ठगीमा कारवाहीको लागि नेपाल प्रहरी समक्ष लेखी पठाईने व्योहोरा सवैमा जानाकारी गराईन्छ ।यस्तो गम्भीर अपराध भएको सूचना तथा जानकारी प्राप्त भएमा प्रशासन तथा सहकारी विकास महाशाखा, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश, हेंटौंडा, मकवानपुरमा लिखित उजुरी/निवेदन दिनुहुन समेत अनुरोध गरिन्छ ।

(१४) यस मन्त्रालयबाट सहकारी संस्था दर्ता गर्दा सम्वन्धित व्यक्तिहरु आफै आउनुहुन, सहकारी संस्थाहरुको विविध विवरण वुझाउन तथा कुनै पनि सेवा प्राप्त गर्न विचौलिया तथा दलालहरु नपठाई संस्थाको अख्तियारी दिएको पत्र सहित सम्वन्धित संस्थाका संचालकहरु वा कर्मचारीहरुलाई मात्र पठाइदिनुहुन सम्वन्धित सवैमा अनुरोध छ ।

(१५) बागमती प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट दर्ता भएका सहकारी संस्थाहरुसँग कम्तीमा एक कार्यकाल कुनै सहकारी संस्थासँग एकीकरण गर्न पाइने छैन ।

(प्रकाश चापागाईं)

निमित्त रजिष्ट्रार